नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
स्वप्न बगैंचा विकास समिति
(विकास समिति ऐन, २०१३ बमोजिम गठित)

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
स्वप्न बगैंचा विकास समिति
केसर महल, काठमाडौं, नेपाल

पत्र सं. : २०८३/०८४.
च. नं. :

मिति : २०८३/०६/१६

बिषय :- **बोलपत्र आव्हानको सूचना**

यस विकास समितिमा ए.टि.एम काउण्टर भाडामा राख्न चाहने इच्छुक बैंकहरुले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रीतपूर्वक बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र फारम पेश गर्न इच्छुक रजिष्टर्ड बैंकले बैंक दर्ता, मूल्य अभिवृद्धि कर (भ्याट), आयकर दर्ता प्रमाणपत्र, आ.व. २०८२/०८३ सम्मको आयकर चुक्ताको प्रमाणपत्र समेत बोलपत्र फारम साथ संलग्न राख्नु पर्नेछ ।
२. बोलपत्र फारम मिति २०८३/०७/१६ गते देखि मिति २०८३/०८/०६ गतेसम्म कार्यालय समय भित्रमा रु. १,०००/- फिर्ता नहुने गरी विकास समितिको कार्यालयबाट खरिद गरी मिति २०८३/०८/०७ गते दिनको १२ बजे भित्र समितिको कार्यालयमा बुझाउन सकिनेछ । निर्धारित समयमा दर्ता भएका बोलपत्रहरु मिति २०८३/०८/०७ गते दिनको १ बजे समितिको कार्यालयमा पेश गर्ने बैंकका प्रतिनिधि समेतको उपस्थितिमा खोलिनेछ । सम्बन्धित बैंकका प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
३. इच्छुक बैंकले बोलपत्रमा ए.टि.एम काउण्टरको बहाल भाडा प्रति महिना बहाल कर सहित न्युनतम रु. ६५,६७०/- हुनु पर्नेछ ।
४. बोलपत्रका साथमा बैंकको प्रोफाइल पनि पेश गर्नु पर्नेछ ।
५. करारको अवधि २ वर्षको हुनेछ ।
६. बोलपत्रको मान्य अवधि ३ महीनाको हुनेछ ।
७. इच्छुक बैंकले प्रस्तावित मूल्यको ३ (तीन) प्रतिशत बराबरको नगद जमानत वा बैंक ग्यारेण्टी (बिड वण्ड) बोलपत्रसाथ संलग्न गरी स्वप्न बगैंचा विकास समितिको नाममा पेश गर्नुपर्नेछ । बिड वण्डको मान्य अवधि ३ महीना भएको हुनु पर्नेछ ।
८. रीत नपुगी आएको बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन ।
९. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार स्वप्न बगैंचा विकास समितिमा निहित रहनेछ ।
१०. माथि उल्लेखित शर्तहरु बाहेक अन्य कुराहरु प्रचलित कानून अनुसार हुनेछ ।
११. थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र स्वप्न बगैंचा विकास समितिको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।